Riviera International Academy
Maijubahal, Chabahil, Kathmandu, Tel.: 4485087, 4462223

आदरणीय अभिभावकज्यू ,

यस शैक्षिक सत्र २०८१ को **First Term Examination** मिति **२०८१-०३-२० गते देखि** २०८१-०३-२७ गते सम्म सञ्चालन हुने भएको हुँदा आफ्ना बालबालिकाको पठन-पाठनमा ध्यान पुर्‍याइदिनुहुन अनुरोध गर्दछौं । परीक्षामा सामेल हुन **Admit Card** अनिवार्य भएको हुँदा आफ्ना नानीबाबुहरुको मासिक तथा बक्यौता रहेको शुल्क चुक्ता गरी **Admit Card** मिति २०८१-०३-१६ गते देखि २०८१-०३-१८ गते सम्ममा लिइदिनुहुन अनुरोध गर्दछौं । **Admit Card** नभएमा परीक्षामा सामेल गराइने छैन ।

त्यसैगरी, किन्डरगार्टेन तहदेखि कक्षा ८ सम्मका परीक्षाहरू बिहान ११:०० बजेदेखि मात्र सुरू हुने भएकाले परीक्षा अगाडिको समयमा विद्यार्थी भाइबहिनीहरूको परीक्षा तयारी (Revision) कक्षा सञ्चालन गरिने भएकाले आफ्ना नानीबाबुलाई उक्त दिनको परीक्षा हुने विषयको किताब तथा अभ्यास पुस्तिका साथमा पठाइदिनुहुन हार्दिक अनुरोध गर्दछौं । परीक्षाका दिनहरूमा आफ्ना नानीबाबुलाई साविककै समयमा विद्यालयमा ल्याइदिनु हुन एवम् परीक्षा दिउँसो १:०० बजे सकिने भएकाले सोही अनुसार आफ्ना नानीबाबुलाई लिन विद्यालयमा आइदिनु हुन हार्दिक अनुरोध गर्दछौं । बस प्रयोग गर्ने विद्यार्थीका अभिभावकहरूले विद्यालयबाट दिउँसो १:१५ बजे बस छुट्ने भएकाले सोही अनुसार बस स्टाफसँग सम्पर्क गरी आफ्ना नानीबाबुलाई लिन सम्बन्धित बस स्टपमा आइदिनु हुन पनि हार्दिक अनुरोध गर्दछौं ।

त्यसैगरी, पाठ्यक्रम विकास केन्द्रद्धारा लागू गरीएको नयाँ पाठ्यक्रममा आधारित नयाँ प्रश्नपत्र ढाँचा (New Question Pattern) अनुसार परीक्षामा प्रश्नहरू सोधिने कुराको जानकारी गराउँदैं Exam Syllabus मा उपलब्ध गराइएको Question Pattern अनुसार तयारी गराउनु हुन हार्दिक अनुरोध गर्दछौं । कक्षा ४ देखि १० सम्मका नमूना प्रश्नपत्र विद्यालयको Website बाट Download गर्न पनि सकिनेछ । कक्षा ४ र ५ को, ६, ७ र ८ को एवम् ९ र १० को प्रश्नपत्र ढाँचा एउटै भएको कुरा पनि अवगत गराउन चाहन्छौं । धन्यवाद ।

नोट : Exam Routine तथा Syllabus विद्यालयको Website www.riviera.edu.np मा गएर Download गर्न सकिनेछ ।

..............
प्रिन्सिपल

riviera international academy

मिति : २०८१ - ०३ - १०